# रघुगंगा गाँउपालिकाको विनियोजन ऐन २०७५

रघुगंगा गाँउपालिकाको आर्थिक वर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्न विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको संशोधित ऐन २०७५

गाउँसभावाट स्वीकृत भएको मिति २०७५ साल श्रावण ३०गते

**प्रस्तावना** रघुगंगा गाँउपालिकाको आर्थिक वर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम रघुगंगा गाउँपालिकाको विषेश गाँउ सभाले यो विधेयक स्वीकृत गरिएको हो ।

**संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम “रघुगंगा गाउँपालिका गाँउ विनियोजन ऐन, २०७५”रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०७५।०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :**

(१) आर्थिक वर्ष २०७५।०७६ को निमित्त गाँउका वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसुची १ मा उल्लिखित चालु खर्च, पूजीँगत खर्च,शसर्त अनुदान र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु२८,६५,५४,४८७(अक्षेरुपी अठ्ठाइस करोड पैसठ्ठी लाख चौवन्न हजार चार सय सतासी रुपैंया मात्र) मा नबढाइ निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३.विनियोजनः** (१) यस विधेयकद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त रघुगंगा गाँउकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका,वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को

एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च व्याज जनाउन सकिनेछ । पूजीँगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुत्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अर्न्तगत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूजीँगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाँउसभाको स्वीकृति लिनु पर्नेछ ।

# अनुसुची १

( दफा २ संग सम्बन्धित  नेपालको संविधानको धारा २२९(२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

रकम रु.मा

| क्र. सं | अ.सं | शीर्षकको नाम | चालु खर्च | पुँजिगत | शसर्त अनुदान | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| २ | | गाँउपालिका | ६९१७१००० | ७०७३१९८१ | ११७३००००० | २५७२०२८९१ |
| ३ | | वडा समिति | | १९३५१५०६ | | १९३५१५०६ |
| ४ | | विषयगत शाखा | | १००००००० | | १००००००० |
| ५ | | ऋणको सावा व्याज भुक्तानी | | | | |
| ६ | | लगानी ( शेयर/ऋण ) | | | | |
| | | **कुल जम्मा** | ६९१७१००० | १०००८३४८७ | ११७३००००० | २८६५५४४८७ |

उल्लेखित रकममा सामाजिक सुरक्षा भत्ता रकम तथा  जनसहभागिता वापत हुने रकमलाई समावेश गरिएको छैन ।